AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# सम्पर्कमा रहने

सजिलोसँग पढ्ने



तपाईंको समुदायसँग सम्पर्कमा रहनाले तपाईंलाई अष्ट्रेलियामा बसोबास गर्न मद्दत हुन सक्छ।



तपाईंको विदेशको मित्र र परिवारसँग सम्पर्कमा हुनु पनि महत्त्वपूर्ण छ।

## सामुदायिक तथा सामाजिक क्लबहरू



अष्ट्रेलियामा प्रवासीहरूलाई समर्थन गर्ने सेवाहरू छन्।



सामाजिक या सामुदायिक समूहहरूमा सामेल भएर तपाइँ आफ्नो क्षेत्रका व्यक्तिसँग सम्पर्कमा बस्न सक्नुहुनेछ, जस्तै:

- सामुदायिक संस्थाहरू




- खेल क्लबहरू



- सामाजिक समूहहरू



तपाईंसँग नयाँ अनुभवहरू हुन सक्छ।




तपाईं आफ्नो चासो र गतिविधिमा भाग लिन सक्नुहुनेछ जुन तपाईंले पहिले देखि नै आनन्द लिनुहुन्थ्यो।

# पुस्तकालयहरू



सार्वजनिक पुस्तकालयहरूसँग धेरै भाषाहरूमा पढ्ने चीजहरू छन्।

तपाईंले:




- तिनीहरूलाई पुस्तकालयमा पढ्नुहोस्



- तिनीहरूलाई उधारो र तिनीहरूलाई घर लगाउनुहोस्

प्राय पुस्तकालयहरूमा:



- तपाईंले प्रयोग गर्न सक्ने कम्प्यूटरहरू




- इन्टरनेटमा निःशुल्क पहुँच

# टेलिभिजन र रेडियो




विशेष प्रसारण सेवाले (एसबीएस) (Special Broadcasting Service - SBS) धेरै विभिन्न भाषाहरूमा समाचार प्रदान गर्दछ।




तपाईंले टिभीमा एसबीएस हेर्न सक्नुहुन्छ।



तपाईं रेडियोमा एसबीएस सुन्न सक्नुहुन्छ।

# फोनहरू



तपाईंले टेलिफोन कलहरू निम्न कुराहरुमा गर्न सक्नुहुन्छ:

- ल्यान्डलाइनहरू
- मोबाइल फोन

### ल्यान्डलाइन



ल्यान्डलाइन एउटा फोन हो जुन तपाईंको घरमा जडान गरिएको छ।



त्यहाँ धेरै कम्पनीहरू छन् जसले तपाईंको ल्यान्डलाइन जोड्न सक्छ।





तपाईंले जडान शुल्क: तिर्न पर्न सक्छ।




तपाईंले फोन प्रयोग गर्ने कलहरूको लागि प्रत्येक महिना बिल पाउनुहुनेछ।

## मोबाइल फोन



मोबाइल फोन उपयोगी साधन हुन सक्छ तर त्यसको प्रयोग गर्न धेरै खर्च लाग्न सक्छन्।





तपाईंको मोबाइल फोन योजना यस किसिमको हुन सक्छ:

- अग्रीम भुक्तानी गरिएको (प्रीपेड)
- एउटा योजनामा (प्लानमा)



अग्रीम-भुक्तानी गरिएका (प्री-पेड) फोनहरू राम्रो छन् यदि तपाईं कति रकम खर्च गर्ने सीमाना राख्न – यदि तपाईं कति खर्च गर्न सक्नुहुनेछ त्यो सिमित गर्न।



तपाईंले फोन प्रयोग गर्नुभन्दा पहिले तपाईंले भुक्तानी गर्नुहुन्छ।

यसलाई क्रेडिट भनिन्छ।




यदि तपाईं आफ्नो सबै क्रेडिट प्रयोग तपाईंले गर्नु भएमा तपाईले क्रेडिट थप नगरेसम्म फोन प्रयोग गर्न सक्नुहुन्न।




एक योजनामा तपाईंले एउटा सम्झौतामा हस्ताक्षर गर्नु पर्छ।




तपाईं प्रत्येक महिना त्यतिनै रकम तिर्नुहुनेछ।




त्यहाँ तपाईं एक सिमित मात्रामा फोन गर्न सक्नुहुनेछ।




यदि तपाईं आफ्नो प्लान भन्दा बढी कलहरू गर्नुहुन्छ भने तपाईंले थप भुक्तान गर्न आवश्यक हुन सक्छ।




स्थानीय फोन कलहरूको धेरै पैसा पर्दैन।




निम्न परिस्थितीमा फोनको धेरै खर्च लाग्नसक्छ:

- अष्ट्रेलियामा तर धेरै टाढा
- विदेशमा



तपाईंले फोन कार्ड किन्न सक्नुहुनेछ जुन तपाईले विदेशमा कलहरू गर्नको लागि प्रयोग गर्न सक्नुहुनेछ जुन सस्तो पर्न सक्दछ।

## चिठ्ठी



तपाईंले कुनै पनि ठेगानामा पत्रहरू र पार्सलहरू पठाउन सक्नुहुन्छ:

- अष्ट्रेलिया
- विदेशका प्रायः ठाउँहरूमा




तपाईं हुलाक टिकटहरू हुलाक कार्यालयमा किन्न सक्नुहुन्छ।




विदेशमा सामानहरू पठाउन महंङ्गो पर्न सक्छ।

# इन्टरनेट




इन्टरनेट सम्पर्कमा रहने एक उपयोगी तरीका हो।


घरमा इन्टरनेट प्रयोग गर्न तपाईंलाई निम्न कुराहरुको आवश्यक पर्छ:



- कम्प्युटर



- इन्टरनेट जडान





तपाईं इन्टरनेट सेवा प्रदायक (Internet Service Provider - ISP) मार्फत इन्टरनेट जडान गर्न सक्नुहुनेछ।





त्यहाँ धेरै आईएसपीहरू छन्। तपाईंले छनौट गर्नु अघि तपाईंले केहि आईएसपीहरू संग कुरा गर्नुपर्छ:

- एक आईएसपी
- योजना




आईएसपीहरूमा छनौट गर्ने फरक योजनाहरू छन्।

योजनाहरूले तपाईंलाई प्रत्येक महिनाको लागि भुक्तान गर्ने डाटा प्रदान गर्दछ।



तपाई इन्टरनेटमा पहुँच गर्न स्मार्ट फोन र ट्याब्लेटहरू पनि प्रयोग गर्न सक्नुहुन्छ।



स्मार्ट फोनहरू र ट्याब्लेटहरू सानो कम्प्युटरहरू हुन् जुन टच स्क्रीनहरू छन्।

$$$

तिनीहरू प्रयोग गर्न सजिलो हुन सक्दछ तर अलि धेरै खर्च लाग्न सक्दछ।



तपाईंले तपाईंको स्थानीय पुस्तकालयमा निःशुल्क प्रयोग गर्न सक्नुहुन्छ यदि तपाईंसँग:

- कम्प्युटर छैन
- इन्टरनेटमा जोडिएको छैन



एक पुस्तकालयको कामदारले तपाईंलाई पहिले कम्प्युटर प्रयोग गर्नुभएको छैन वा सक्षम नहुनु भएमा मद्दत गर्न सक्दछ।

यो पृष्ठ जानीबुझी खाली राखिएको हो

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभागको तर्फबाट अन्तर्राष्ट्रिय
आप्रवासन संगठन द्वारा प्रदान गरिएको

IOM • OIM